नेपाल सरकार

गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

(प्रबन्ध शाखा) नक्साल काठमाण्डौ ।

राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना, संकेत नम्बर PHQ/NCB/G/१९/०७२/७३

प्रथम पटक सूचना प्रकाशित मिति २०७२/०८/०१ गते ।

१. प्रहरी प्रधान कार्यालयलाई आर्थिक वर्ष २०७२/०७३ मा आवश्यक भएको मनोग्राम (ईम्ब्रोईडरी) ७०,००० थान खरिद गर्नुपर्ने भएकाले योग्य बोलपत्रदाताहरुले शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध गरिन्छ । बोलपत्रको मान्य अवधि ९० दिनको हुने छ र बोलपत्र जमानत रकम कम्तिमा रु.१,१४,०००।०० हुनु पर्ने छ ।

२. ईच्छुक बोलपत्र दाताहरुले लिखित निवेदन साथ मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०७१/०७२ को करचुक्ता प्रमाण पत्र वा कर बिवरण पेश गर्न म्याद थप गरेको प्रमाण वा २०७२/०७३ को कर चुकता प्रमाण पत्रहरुको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालय र महानगरीय प्रहरी कार्यालय, रानीपोखरी काठमाण्डौबाट तोकिएको दस्तुर रु १,०००।०० बुझाई मिति २०७२।०९।०१ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक (Pre-bid meeting) मिति २०७२।०८।२२ गते १४:०० बजे प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखामा हुने छ ।

४. बोलपत्र सम्बन्धी कागजात मिति २०७२।०९।०२ गते १२:०० बजे भित्र प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखामा दर्ता गरी सक्नु पर्ने छ । शिलबन्दी गरी दर्ता भएका बोलपत्र फारामहरु मिति २०७२।०९।०२ गते १४:०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र मूल्यांकन समितिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

५. बोलपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

६. बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४४४०५८१ मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np मा समेत हेर्न सकिने छ ।